छलफल तथा निर्णय

१. स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट आगामी आ.व. २०७६/०७७ देखि नयाँ कार्यक्रमका रुपमा कार्यान्वयनमा लैजान वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त "उपचारात्मक सेवा कार्यक्रम" र "नर्सिङ तथा सामाजिक सुरक्षा कार्यक्रम" लाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकले स्वीकृत गरेको "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदंण्ड, २०७६" बमोजिम सम्बन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजना/कार्यक्रमलाई तत् तत् तहबाट सञ्चालन गर्ने गरी स्वीकृति प्रदान गर्ने।

२. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट आगामी आ.व. २०७६/०७७ देखि सालवसाली कार्यक्रमका रुपमा कार्यान्वयनमा लैजान वार्षिक विकास कार्यक्रममा समावेश गर्न आयोगको स्वीकृतिका लागि प्राप्त "हिमाली-क्षेत्र जीविकोपार्जन सुधार कार्यक्रम (Mountain Region Livelihood Improvement Programme - MLIP)" लाई नेपाल सरकार, मन्त्रिपरिषद्को मिति २०७६/०२/६ को बैठकले स्वीकृत गरेको "संघ, प्रदेश र स्थानीय तहको कार्यजिम्मेवारीमा पर्ने विकास कार्यक्रम तथा आयोजनाको वर्गीकरण तथा बाँडफाँट सम्बन्धी मापदण्ड, २०७६" बमोजिम सम्बन्धित तहको जिम्मेवारी भित्र पर्ने आयोजना/कार्यक्रमलाई तत् तत् तहबाट सञ्चालन गर्ने गरी स्वीकृति प्रदान गर्ने।